# अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितिका सदस्य मनोनयनसम्बन्धी मापदण्ड, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल।

# अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितिका सदस्य मनोनयन सम्बन्धी मापदण्ड, २०७६

मा. मन्त्रीस्तरबाट स्वीकृत प्राप्त मिति २०७६/०४/२०

"अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठनसम्बन्धी कार्यविधि, २०७६" को दफा ४ उपदफा (१) को खण्ड (ट) र (ठ) बमोजिम प्रदेशस्तरीय समितिका सदस्य मनोनयन गर्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन वान्छनीय भएकोले,

सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ ले यो मापदण्ड बनाई जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितिका सदस्य मनोनयन सम्बन्धी मापदण्ड, २०७६" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ ले बनाएको "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठनसम्बन्धी कार्यविधि, २०७६" लाई सम्झनु पर्दछ।

(घ) "मापदण्ड" भन्नाले "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समितका सदस्य मनोनयन सम्बन्धी मापदण्ड, २०७६" लाई सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले कार्यविधिको दफा ४ बमोजिमको समिति सम्झनु पर्दछ।

(च) "समितिका सदस्य" भन्नाले कार्यविधिको दफा ४ उपदफा (१) को खण्ड (ट) र (ठ) बमोजिम मनोनयन हुने सदस्य सम्झनु पर्दछ।

३. **<u>योग्यताः</u>** समितिका सदस्य मनोनयन हुन देहायबमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछः-

(क) प्रदेश नं. ५ मा स्थायी ठेगाना / बसोबास भएको नेपाली नागरिक,

(ख) १८ वर्ष पुरा भई अपाङ्गता परिचयपत्र प्राप्त गरिसकेको व्यक्ति,

(ग) कार्यविधिको दफा ४ उपदफा (१) को खण्ड (ट) बमोजिम मनोनयन हुने सदस्यका लागि अपाङ्गता भएका व्यक्तिहरूको प्रदेशस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूमध्ये फरकफरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुनेगरी समावेशीका आधारमा कम्तीमा अपाङ्गताको क्षेत्रमा ५ वर्ष क्रियाशील रहेको,

(घ) कार्यविधिको दफा ४ उपदफा (१) को खण्ड (ठ) बमोजिम मनोनयन हुने सदस्यका लागि अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्न स्थापना भएका गैर सरकारी संस्थामा कम्तीमा ५ वर्ष काम गरेको,

(ङ) प्रचलित कानून बमोजिम सदस्यमा मनोनयन हुन अयोग्य नठहरिएको।

४. **<u>अयोग्यता:</u>** देहायका व्यक्तिहरू समितिका सदस्य मनोनयन हुन अयोग्य हुनेछन:-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव बेचबिखन, लागुऔषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर लगायतका नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचिमा समावेश भई त्यस्तो सूचिबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) मानसिक सन्तुलन ठीक नभएको,

(च) अपाङ्गता भएका व्यक्तिको कसूरमा अदालतबाट कसूरदार ठहर भएको।

५. **<u>मनोनयन गर्ने:</u>** (१) मन्त्रालयले दफा ३ बमोजिम योग्यता पुगेका व्यक्तिहरूमध्येबाट दफा ३ को खण्ड (ग) र (घ) बमोजिमको संख्यामा सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्न मन्त्रालयमा देहायबमोजिमको सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा | संयोजक |
| (ख) उपसचिवस्तरको प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश नं. ५ | सदस्य |
| (घ) कानून अधिकृत, सामाजिक विकास मन्त्रालय | सदस्य |

(३) समितिको काम, कर्तव्य र अधिकारः (१) दफा ५ बमोजिमको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) संभावित व्यक्तिको विवरण सहितको सूची तयार गर्न अपाङ्गता भएका व्यक्तिको हक हितको क्षेत्रमा क्रियाशील व्यक्ति, संघ-संस्थालाई अनुसूचि-१ बमोजिमको ढाँचामा विवरण उपलब्ध गराउन अनुरोध गर्ने।

(ख) खण्ड (क) बमोजिम प्राप्त विवरणलाई अध्ययन गरी संभावित व्यक्तिको व्यक्तिगत विवरण तयार गर्ने।

(ग) खण्ड (ख) बमोजिम तयार गरिएको व्यक्तिगत विवरणको आधारमा विश्लेषण गरी एक पदको लागि तीन जनाको नाम मन्त्रालय समक्ष सिफारिस गर्ने।

(२) समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गर्नेछ।

६. **पद रिक्त हुने:** कार्यविधिको दफा ४ को उपदफा (३) मा भएको व्यवस्थाका साथै देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको हुनेछः-

(क) दफा ४ बमोजिम सदस्यको लागि अयोग्य भएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजले अध्यक्ष मार्फत दिएको राजीनामा मन्त्रालयबाट स्वीकृत भएमा,

(घ) मृत्यु भएमा।

७. **सूचना प्रकाशन गर्ने:** मन्त्रालयले यस मापदण्डबमोजिम मनोनयन हुने सदस्यका लागि सूचना प्रकाशन गरी अनुसूचि - १ बमोजिमको विवरण माग गर्नेछ।

८. **बैठक भत्ता तथा सुविधाः** यस मापदण्ड बमोजिम मनोनयन भएका समितिका सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

९. **प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

१०. **संशोधनः** यस मापदण्डमा मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

*अनुसूचि - १*

# व्यक्तिगत विवरण

१. नाम, थरः ............................................................

२. स्थायी ठेगानाः ......................................................

३. जन्म मितिः ...........................................................

४. माथिल्लो शैक्षिक योग्यताः ...................................................

५. संघ-संस्थासँग सम्बन्धित भएमा,

(क) संस्थाको नामः ......................................................

(ख) पद र जिम्मेबारीः ..............................................................

(ग) अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्य गरेको अवधि (पुष्ट्याँई खुल्ने कागजात सहित)

............................... देखि ....................... सम्म।

(घ) अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा पुर्याएको योगदान (छोटकरीमा उल्लेख गर्ने)

..........................................................................................................................

..........................................................................................................................

..................................................

(ङ) मनोनयनका लागि योग्य आधारहरू

१. ................................................

२. ................................................

३. ................................................

४. ................................................

५. ................................................

(च) सम्पर्क नं. ..................................................................

*नोटः निवेदकले व्यक्तिगत विवरण पेश गर्दा सम्पूर्ण विवरणको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।*